नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
("A" class Institution licensed by Nepal Rastra Bank)

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

मिति:२०७९/०९/२२

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषय: जानकारी गराएको बारे ।**

महाशय,

उपरोक्त सम्बन्धमा मिति २०७९/०९/०७ मा सम्पन्न यस नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लि. को आ-आफ्नो वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव मुताबिक यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सन्दर्भमा श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/२१, पत्र संख्या: ७९/८०, चलानी नं. ३७८९७ को पत्रबाट प्राप्त स्वीकृति पत्रको सक्कल तथा उक्त वार्षिक साधारण सभाबाट यस बैंकको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजीमा भएको वृद्धि तथा कम्पनीको नाम परिर्वतन साथै हालसम्म अद्यावधिक भएको सम्बन्धमा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०९/२१, पत्र संख्या: ७९/८०, चलानी नं. ३७९०९ को पत्रबाट भएको अभिलेख र प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन/थपको फोटोकपि यसै पत्र साथ संलग्न गरी तहाँको जानकारीको लागी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

दिपक श्रेष्ठ
प्रमुख कानून बिभाग

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

( ................................ शाखा)

त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७९/८०

चलानी नम्बर :- ३७९०९

मिति : २०७९-०९-२१

विषय :- कम्पनी अध्यावधिक, नाम परिवर्तन र पूँजी वृद्धि सहितको प्रवन्ध पत्र/नियमावली संशोधन अभिलेख बारे ।

**नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि (लि. नं. ५)**

का.म.न.पा.-१,काठमाण्डौ,बाग्मती

त्यस कम्पनीले मिति २०७९/०९/१९ मा पेश गरेको निवेदन उपर कारवाही हुँदा उक्त कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. ०७८/०७९ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.व.सम्म कम्पनी अध्यावधिक रहेको साथै त्यस कम्पनीको मिति २०७९/०९/०७ मा सम्पन्न वार्षिक साधारण सभाको बैठकको निर्णय वमोजिम साविक कम्पनी ( नेपाल ईन्भेष्टमेण्ट बैंक लि. )को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. )को कम्पनीले सकार्ने व्यहोर्ने साथै कम्पनीको नाम परिवर्तनको सम्वन्धमा ३० (तीस) दिनभित्र राष्ट्रिय स्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सो को प्रति यस कार्यालयमा पठाउने र कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने साथै नामका सम्वन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. कायम गर्न स्वीकृति प्रदान गरिएको छ।

त्यस कम्पनीको मिति २०७७/०६/०१ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम कम्पनीको साविकको अधिकृत, जारी र चुक्ता पूँजीलाई निम्न बमोजिम वृद्धि गर्न स्विकृती प्रदान गरिएको छ । साथै कम्पनीको प्रबन्धपत्रको दफा १, ४, ५ को क, ख ,ग र ङ , दफा १२ तथा नियमावली नियम १ , २(क) ६(१०) , ८(२) , १०(१४), १३(२) मा गरेको संशोधनलाई समेत अभिलेख गरी अभिलेखित संशोधनको १/१ प्रति यसै साथ पठाइएको व्यहोरा मिति २०७३/०६/१२ को निर्णयानुसार जानकारी गराइन्छ ।

| बिवरण | साविक | हाल कायम गरिएको |
|---|---|---|
| अधिकृत पूँजी रु | १८,५०,००,००,०००।- | ५०,००,००,००,०००।- |
| जारी पूँजी रु | १८,३०,७५,४१,४२३।- | ३४,१२,८५,९४,८९६।५२ |
| चुक्ता पूँजी रु | १८,३०,७५,४१,४२३।- | ३४,१२,८५,९४,८९६।५२ |

(अर्जुन खड्का)

सहायक रजिष्ट्रार

<u>बोधार्थ</u>

श्री नेपाल राष्ट्र बैंक, काठमाण्डौ।

श्री नेपाल धितोपत्र वोर्ड ,ललितपुर।

श्री नेपाल स्टक एक्सचेन्ज लि. काठमाण्डौ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. काठमाण्डौ।

श्री ठुला करदाता कार्यालय , ललितपुर।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)

E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ............................ शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७९/८०
चलानी नम्बर :- ३७८९७

मिति : २०७९-०९-२१

विषय :- कम्पनी गाभ्ने स्वीकृति बारे ।

**नेपाल ईन्भेष्टमेण्ट बैंक (लि. नं. ५)**
का.म.न.पा.-१,काठमाण्डौ,बाग्मती

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०७९/०९/०७ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम नेपाल ईन्भेष्टमेन्ट बैंक लि.नं. ५ मा मेगा बैंक लि.नं. १२२९ लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पति र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरी मेगा बैंक लि.नं. १२२९ लाई नेपाल ईन्भेष्टमेन्ट बैंक लि.नं. ५ मा गाभ्न मिति २०७९/०९/२१ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

साथै कम्पनीले देहाय बमोजिम शर्तहरु पालना गर्नुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।
१. गाभिएपछि कम्पनीको पूँजी संरचना मिलाई पेश गर्ने।
२. कम्पनी गाभिए पछि कम्पनीको नियमावली बमोजिम कायम हुने सञ्चालक लगत पेश गर्ने ।
३. गाभिने कम्पनीको जारी शेयर प्रमाण पत्र गाभ्ने कम्पनीमा रुपान्तरण गर्ने र सो को जानकारी दिने ।
४. कम्पनी गाभिएको सार्वजनिक सूचना राष्ट्रियस्तरको (क) बर्गको दैनिक पत्रिकामा प्रकाशन गरी सोको जानकारी ३० दिन भित्र यस कार्यालयलाई दिने ।
५. गाभिएपछि गाभिने कम्पनीको ऋण धन दायित्व सम्पूर्ण गाभ्ने कम्पनीले व्यहोर्ने छ ।
६.नेपाल राष्ट्र बैंकको प.सं. बैं.वि.नि.वि./मर्जर/३०/०७९/०८० मिति २०७९।०९।१७ को अन्तिम स्वीकृति प्रदान गरिएको पत्रमा उल्लेखित शर्त प्रक्रिया पूरा गरी सो बारे जानकारी दिने।

(अर्जुन खड्का)
सहायक रजिष्ट्रार

बोधार्थ
श्री नेपाल राष्ट्र बैंक, काठमाण्डौ।
श्री नेपाल धितोपत्र वोर्ड ,ललितपुर।
श्री नेपाल स्टक एक्सचेन्ज लि. काठमाण्डौ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. काठमाण्डौ।
श्री ठुला करदाता कार्यालय , ललितपुर।
श्री मेगा बैंक लि.नं. १२२९ ।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
दरबारमार्ग, काठमाण्डौं

**३६ औं वार्षिक साधारणसभाबाट प्रबन्धपत्रमा भएको संशोधित/थप व्यवस्था**

**दफा १ मा भएको संशोधन**

यस कम्पनीको नाम "नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "NEPAL INVESTMENT MEGA BANK LIMITED" भनिने छ, जसलाई यसपछि "बैंक" भनिएको छ ।

**दफा ४(कट) पछि ४(कठ) थप भएको**

बैंकको नाममा स्वदेशी तथा विदेशी बैंक वा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ।

**दफा ४(कठ) पछि ४(कड) थप भएको**

बैंकको नाममा स्वदेशी तथा विदेशी बैंक वा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ।

**दफा ४ (कड) पछि ४ (कढ) थप भएको**

नेपाल धितोपत्र बोर्डले जारी गर्ने निर्देशनहरुको अधिनमा रही धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने सम्वन्धी कार्यहरु गर्ने ।

**दफा ४(कढ) पछि ४ (कण) थप भएको**

सञ्चालनमा रहेको कम्पनीको पुरै वा आंशिक शेयर खरिद गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) सम्वन्धी कार्यहरु गर्ने ।

**दफा ४(कण) पछि ४ (कत) थप भएको**

प्रचलित धितोपत्र सम्वन्धी ऐन, नियम र कानूनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधिनमा रहि छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डको अनुमति लिई धितोपत्र व्यवसाय सम्वन्धी कार्य गर्ने

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

**दफा ५ (क) मा भएको संशोधन**

बैंकको अधिकृत पूँजी रु. ५०,०००,०००,०००/-(अक्षरेपी रु पचास अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- का दरले ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

**दफा ५ (ख) मा भएको संशोधन**

बैंकको जारी पूँजी रु. ३४,१२,८५,९४,८९६/५२ (अक्षरेपी रु चौतिस अर्व बाह्र करोड पचासी लाख चौरानब्बे हजार आठ सय छयानब्बे र पैसा बाउन्न मात्र) मात्र हुनेछ । सो पूँजीलाई रु. १००/- दरका ३४,१२,८५,९४८/९७ (चौतिस करोड बाह्र लाख पचासी हजार नौ सय अडचालीस दशमलव सन्तानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ५ (ग) मा भएको संशोधन**

बैंकको चुक्ता पूँजी रु. ३४,१२,८५,९४,८९६/५२ (अक्षरेपी रु चौतिस अर्व बाह्र करोड पचासी लाख चौरानब्बे हजार आठ सय छयानब्बे र पैसा बाउन्न मात्र) मात्र हुनेछ ।

**दफा ५ (ङ) मा भएको संशोधन**

बैंकको शेयरहरु संस्थापक समूह र सर्वसाधारण समूह गरी दुई समूहमा वर्गीकरण गरिएको छ । जसमध्ये संस्थापक समूहको शेयर स्वामित्व ६०.८१ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ३९.१९ प्रतिशत हुनेछ । सर्वसाधारणलाई जारी गरिने शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीको लागि छुट्टयाई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

**दफा ११ पछि दफा १२ थप भएको**

**साबिकका बैंकले गरेको कामको मान्यता:** साबिक मेगा बैंक नेपाल लिमिटेड र नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड एक आपसमा गाभिइ यो बैंक बनेकोले साबिकमा उक्त दुवै बैंकहरुले गरेको काम कारोवार यसै प्रवन्धपत्र अनुसार भए गरेको मानिने छ ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
दरबारमार्ग, काठमाण्डौं

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं
२०७५।०३।२९
सहायक रजिष्ट्रार

## ३६ औं वार्षिक साधारणसभाबाट नियमावलीमा भएको संशोधित/थप व्यवस्था

### नियम १ मा भएको संशोधन

यस कम्पनीको नाम "नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "NEPAL INVESTMENT MEGA BANK LIMITED" भनिने छ, जसलाई यसपछि "बैंक" भनिएको छ ।

### नियम २ पछि नियम २ (क) थप भएको

**परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ सम्झनु पर्छ ।

(ख) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ ।

(ग) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(घ) "बैंक" भन्नाले नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड सम्झनु पर्छ ।

(ङ)"प्रवन्ध पत्र" भन्नाले बैंकको प्रबन्धपत्र सम्झनु पर्छ ।

(च)"नियमावली" भन्नाले बैंकको नियमावली सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले बैंकको संचालक समिति सम्झनु पर्छ ।

(ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ बमोजिम बैंक स्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा कम्तीमा एक शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने ब्यक्ति सम्झनु पर्छ ।

(झ) "शेयर" भन्नाले बैंकको शेयर पूंजीको विभाजीत अंश सम्झनु पर्छ ।

(ञ) "शेयरधनी" भन्नाले बैंकको शेयरमा स्वामित्व भएको ब्यक्ति सम्झनु पर्छ ।

(ट) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ठ)"सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र वैकल्पिक सञ्चालक समेतलाई जनाउछ ।

(ड)"वित्तीय कारोवार" भन्नाले बैंकले गर्ने ऐनको दफा ४९ को उपदफा (१) मा उल्लेख भए बमोजिमको कारोवार सम्झनु पर्छ ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

(ढ) "कार्यालय" भन्नाले बैंकको केन्द्रीय कार्यालय सम्झनु पर्छ र सो शब्दले बैंकको क्षेत्रीय, शाखा, उप-शाखा, प्रशाखा, इलाका, प्रतिनिधि, सम्पर्क कार्यालय लगायतका अन्य जुनसुकै कार्यालय समेतलाई जनाउछ ।

(ण) "पदाधिकारी" भन्नाले बैंकको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्विडेटर, कर्मचारी, सल्लाहकार, लेखापरीक्षक र व्यवसायिक विज्ञ समेत सम्झनु पर्छ ।

(त) "कार्यकारी प्रमुख" भन्नाले बैंकको कार्यकारी अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, कार्यकारी निर्देशक, प्रबन्ध निर्देशक, प्रबन्ध सञ्चालक, कार्यकारी सञ्चालक, वा महाप्रबन्धक सम्झनु पर्छ र सो शब्दले बैंकको कार्यकारी प्रमुखको रुपमा काम गर्ने अन्य पदाधिकारी समेतलाई जनाउछ ।

थ) "सभा" भन्नाले बैंकको साधारण सभा सम्झनु पर्छ ।

**नियम ६ (९) पछि नियम ६ (१०) थप भएको**

सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये ७५ (पचहत्तर) प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

**नियम ८ (२) (ग) मा भएको संशोधन**

स्वतन्त्र सञ्चालक १ (एक) जना । तर बैंकको संस्थापक, संचालक वा सुन्य दशमलव एक प्रतिशत भन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवारका सदस्य स्वतन्त्र सञ्चालक हुन पाउने छैन ।

**नियम १० (१३) पछि नियम १० (१४) थप भएको**

ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले विषय, व्यक्ति, समिति/उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**नियम १३ (२) मा भएको संशोधन**

यस बैंकको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU